# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गरिबी निवारणका लागि सहकारीको भूमिका महत्वपूर्णः गभर्नर डा. नेपाल




गभर्नर डा. चिरंजीबि नेपालले साना किसान विकास बैंक लिमिटेडद्वारा रुपन्देहीको मंगलापुरमा आयोजित सल्यान, गुल्मी र अर्घाखाँची जिल्लाका ६ वटा साना किसान कृषि सहकारी संस्थाको संयुक्त हस्तान्तरण समारोहको असार २७ गते उद्घाटन गर्नुभयो ।

सो समारोहलाई सम्बोधन गर्ने क्रममा गभर्नर डा. नेपालले विश्वका विकसित मुलुकहरुमा सहकारीमा आबद्ध हुनेहरुको संख्या नेपालको तुलनामा अत्यधिक रहेको तथ्यमाथि प्रकाश पार्नु हुँदै सहकारीको मर्म अनुरुप सञ्चालन नभएका, गलत प्रवृत्ति र आचरण भएका व्यक्तिहरु संलग्न भएकै कारण जनतामा सहकारीप्रति नकारात्मक धारणा उत्पन्न हुँदै गएको बताउनु भयो । साना किसान विकास बैंक र कृषि सहकारी संस्था लिमिटेडबाट सञ्चालित कृषि सहकारीमा त्यस्तो समस्या हालसम्म नपाएको जानकारी दिनु हुँदै गभर्नर डा. नेपालले ती सहकारी संस्थाहरुको सह्राना समेत गर्नुभयो । साना किसान विकास बैंकको पहलमा स्थापना भएका संस्थाले त्यस क्षेत्रका साना सिमान्तीकृत कृषकलाई आर्थिक गतिविधि विस्तार गर्न, आय आर्जन गर्न, रोजगारी र सामाजिक उत्थानमा सहयोगी हुने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो ।

वैदेशिक रोजगारीबाट आफ्नो मुलुक फर्केका व्यक्तिहरुले साना किसान कृषि सहकारीमा आबद्ध भई विदेशको सीप र ज्ञानलाई उपयोग गरी राम्रो आम्दानी गरेको पाउँदा आफूलाई निकै खुशी लागेको उहाँले बताउनु भयो । सहकारीमार्फत गरिबी कम गर्न सकिने विचार व्यक्त गर्दै उहाँले युवाशक्तिलाई स्वरोजगारीतर्फ उन्मुख गराई विदेश पलायन हुनबाट जोगाउन पनि साना किसान विकास बैंकले सरोकारवाला पक्षसँगको समन्वयमा आवश्यक भूमिका निर्वाह गर्ने विश्वास समेत गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । साना किसान कृषि सहकारी लिमिटेडबाट सञ्चालित कार्यक्रममा साना किसान विकास बैंक लि., कृषि मन्त्रालय र किसानका लागि उन्नत बीऊ कार्यक्रम लगायत अन्य संघसंस्थाहरु आबद्ध रहेको हुनाले यस्ता कार्यक्रमको निरन्तरताको लागि आफ्नोतर्फबाट सक्दो प्रयास गर्ने विचार व्यक्त गर्नुभयो ।

साना किसान कृषि सहकारी लि.मा आबद्ध सल्यान, गुल्मी र अर्घाखाँचीका साना किसानहरुले आउँदा दिनमा आफ्नो सहकारीलाई आफै व्यवस्थापन गर्न सक्छन् भन्ने विश्वास लिएर संस्था हस्तान्तरण भएको धारणा राख्दै कार्यक्रममा सहभागी साना किसानहरुलाई नेतृत्व चयनमा सजग हुनुपर्ने तथ्य माथि गभर्नर डा. नेपालले प्रकाश पार्नुभयो । महिला समूहबाट सञ्चालित प्रायः सबै कार्यक्रमहरु सफल बनेको आफ्नो अनुभव रहेको बताउनु हुँदै उहाँले तालिम प्राप्त महिलाहरुले आफ्नो छर छिमेकमा रहेका अन्य दिदीबहिनीहरुलाई साना किसान कृषि सहकारीमा संलग्न गराई उनीहरुमा पनि उद्यमशीलताको विकास गरी गरिबी निवारणतर्फ उन्मुख गराउनु पर्ने धारणा राख्नु भयो ।

यस अघि गभर्नर डा. नेपालले साना किसान कृषि सहकारी लि.मा आबद्ध साना किसानहरुद्वारा त्यस क्षेत्रमा सञ्चालित पशुपालन, मत्स्य पालन, बीऊ बिजन कार्यक्रमका साथै तरकारी खेतीको अवलोकन गर्नुभयो ।

**२०७२ असार २८, सोमबार**

**गभर्नरको कार्यालय**